नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

## ई.पि.एस. शाखा

ग्वार्को,ललितपुरको

(काठमाण्डौ वाट दक्षिण कोरियाको सिऔल सम्म जाने नेपाली कामदारहरुको लागि टिकट आपूर्ति सम्वन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना)

**सूचना प्रकाशित मितिः- २०७८।०५।०२**

**ठेक्का नं. ०१-०७८/७९(NCB)**

यस कार्यालयलाई आ. व. २०७८/०७९ देखि एक बर्ष सम्म वा कोभिड-१९ को कारण सिधा हवाई उडान मार्फत पठाउनु पर्ने शर्त मध्ये जुन अबधि पहिला आउँछ सो अबधि सम्मको लागि काठमाण्डौ वाट दक्षिण कोरियाको सिऔल सम्म नेपाली कामदारहरु पुर्याउनको लागि आवश्यक पर्ने टिकट आपूर्ति गर्न बिद्युतिय माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त इच्छुक संस्था, फर्म/कम्पनीहरूले यो सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्त एवं रित पूरा गरी देहायको रकम बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र https://www.bolpatra.gov.np/epg मा eGP- प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम upload गरि पेश गर्न बिद्युतिय बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरूः-**

१. बोलपत्र वापतको शुल्कको लागि रू. २०,०००।- (विस हजार मात्र) फिर्ता नहुने गरी देहाय बमोजिम जम्मा गरेको बैंक भौचरको स्क्यान कपी बोलपत्रसाथ अपलोड गर्नु पर्ने छ ।

बैंकको नाम:- नेपाल बैंक लिमिटेड, गावाहाल

खाता नं.:-००१०१०००००१०१००००००१

राजश्व शिर्षक:- -१४२२७

कार्यलय कोड नं. ३७१०२३४०१

२. नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनीहरूले फर्म/कम्पनी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा आ,ब, २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रहरूको प्रमाणीत प्रतिलिपीहरू १/१ प्रति अनिवार्य पेश गर्नु पर्ने छ।

३. यस कार्यालयको नाममा "क" बर्गको बाणिज्य बैंकबाट जारी भएको देहाय बमोजिमको बिडबण्ड वा नगदै जमानत जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक जमानि पत्रका साथै अन्य कागजातहरू Scan गरी बोलपत्र साथ Upload गर्नु पर्नेछ ।

| | |
|---|---|
| जमानत रकम रु: १००,००,०००।- (एक करोड मात्र) | कार्यलय कोड नं. ३७१०२३४०१ |
| धरौटी खाता नं.:-०१८०१००००००२००३००००००१ | जमानि पत्र (विड वण्ड) मान्य अबधि: वोलपत्र खोलेको मितिले १५० दिन |
| बैंक:- नेपाल बैंक लिमिटेड, गावाहाल | |

४. बोलपत्रको पूर्व वैठक प्रथम पटक प्रकाशित भएको सूचनाको मितिले सोह्रौ दिन दिनको २ बजे हुनेछ । प्रस्तावदाताहरूलाई सो समयमा उपस्थित हुन आग्रह गरिन्छ ।

५. बिद्युतिय बोलपत्र (e-bidding) सम्बन्धि थप जानकारी

क) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट सूचना र बोलपत्र सम्बन्धि कागजात download गरी प्राप्त गर्न सकिने छ । सोही सुचना र बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित प्रकृया र शर्तहरूको परिधिमा रहि बोलपत्र पेश गर्नु पर्नेछ ।

ख) e-bidding मा बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरू बोलपत्रमा उल्लेख गरिए अनुरूप सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट https://www.bolpatra.gov.np/egp मा scanned copy upload गर्नु पर्नेछ ।

ग) बोलपत्रदाताहरूले यो सूचना प्रकाशित भएको ३१ औ दिन दिनको १२:०० बजे भित्र eGP-प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम बोलपत्र सम्बन्धि कागजातहरू upload गरिसक्नु पर्ने छ ।

घ) बोलपत्र पुरै वा आंशिक स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा तोकिएको परिमाणमा घटि वा बढि लिने गरी स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. बिद्युतिय बोलपत्र (प्राबिधिक प्रस्ताब) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रहोबरमा यस विभाग/शाखामा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको उपस्थिति नभएमा पनी बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । प्राबिधिक प्रस्ताबमा उर्त्तीण भई छनौट भएका बोलपत्रदाताहरूलाई आर्थिक प्रस्ताब खोल्ने मिति, समय र स्थानको बारेमा जानकारी गराईनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिन वा पेश गर्ने दिन वा पुर्व बोलपत्र बैठकका लागि तोकिएको दिन सार्वजनिक विदा परी कार्यालय बन्द भएमा उक्त कार्य त्यस पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

७. बोलपत्र खोलि स्वीकृत भएको खण्डमा स्वीकृत बोलपत्रदाताले सो को सूचना पाएको १५ दिन भित्र लागत अनुमान भन्दा १५ (पन्ध्र) प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पांच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पांच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखीला गर्नु पर्ने छ।सो रकम यस कार्यालयको ०१८०१०००००२००३०००००१ नम्वरको नेपाल बैक लिमिटेड गाबहाल स्थित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैक भौचर वा सोहि रकम बरावरको कम्तिमा १३ महिना अवधि भएको मान्यता प्राप्त बैकको बैक जमानी पत्र (Unconditional performance bond)पेश गरी सम्झौता गर्न आउनुपर्नेछ । सो बमोजिम सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी वा बिडवण्ड रकम जफत गरी दोश्रो घटी कवोल गर्ने बोलपत्रवाला संग सम्झौता गर्ने प्रकृया अगाडि बढाइने छ ।

८. H.R.D. Service of Korea वाट प्राप्त Final Flight उडान तालिका अनुसारका व्यक्तिहरुलाई हवाई टिकट उपलव्ध गराउनु पर्ने छ र सो वापतको Air Fare समवन्धित व्यक्ती वाटै भूक्तानि लिनु पर्ने छ टिकट लगायतको रकम कार्यालय वाट भुक्तानी हुने छैन।

९. टिकट आपूर्ति सम्वन्धी विवरण, परिमाण एवं स्पेशिफिकेसन बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र सम्बन्धी अन्य कुराहरू बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राख्न वा फोन नं. ०१ -५१८६३४९ र ईमेल epsnepal2007@yahoo.com मार्फत सम्पर्क गर्न सकिनेछ ।